प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

प्रकाशित मिति: २०७५।०९।१४

## "होमस्टेमा पूँजीगत अनुदानका लागि प्रस्ताव आव्हानको पुनः सूचना"

गण्डकी प्रदेशमा ग्रामिण पर्यटन प्रवर्द्धन गरी संमृद्धिमा टेवा पुर्याउने उद्धेश्यले प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गण्डकी प्रदेश अन्तर्गत संचालनमा रहेका होमस्टेहरुमा पर्यटन पूर्वाधार सम्बन्धि कार्यहरु गर्न गराउन **"होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५"** प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस मन्त्रालयको आ.ब. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पर्यटन शिर्षकमा होमस्टेहरुलाई पुँजिगत अनुदान दिने कार्यक्रम रहेको हुँदा विधिवत रुपमा दर्ता एवं नविकरण भई संचालनमा रहेका **सामुदायिक होमस्टेमा पर्यटन पुर्वाधार सम्बन्धि योजनाहरु** को पहिचान गरी **स्थानीय तहसँग समन्वय गरेर सर्भे, लागत स्टीमेटमा लागत सहभागिता** समेत उल्लेख गरी स्थानीय तहको सिफारिससाथ कार्यविधिको अनुसुची-२ मा उल्लेख भए अनुसारका आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालय मार्फत् पेश गर्न यो १५ दिने सूचना पुनः प्रकाशित गरिएको छ । तोकिएको समयावधि भित्र हाल संचालनमा रहेका र नयाँ होमस्टे संचालन गर्न इच्छुक व्यवस्थापन समितिलाई सम्बन्धित स्थानीय तहमा होमस्टे संचालन कार्यविधि-२०७५ अनुसार दर्ता वा नविकरण गरी प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ ।

## यस सम्बन्धि विस्तृत विवरण बुझ्नुपरेमा

यस मन्त्रालयको Website: www.moitfe.gandaki.gov.np मा लगईन वा फोन नं. ०६१-४६७६६९, ०६१-४६७६५४ र मो.नं. ९८४९१००७८०/९८४६४६७३७५ मा सम्पर्क गरी जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।